


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन १७ गते आइतबार ❑ 1 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## माधव नेपाललाई पार्टीमा ठाउँ छैन : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, १६ साउन**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले वरिष्ठ नेता माधवकुमार नेपाललाई पार्टीमा कुनै ठाउँ नभएको बताए।

नेकपा (एमाले) काठमाडौं जिल्ला कमिटी बैठकमा अध्यक्ष ओलीले ओलीले बाटो बिराएका साथीले आफ्नै पार्टीको सरकार ढालेर दक्षिणपन्थीको सरकार बनाएको सन्दर्भ जोड्दै त्यस्ता मुख्य व्यक्तिलाई पार्टीमा ठाउँ नहुने दोहोऱ्याएका थिए।

उहाँले अरु नेताहरू जो गल्ती महसुस गरेर आउनेछन् भने स्वागत गरिने तर नआउनेहरू छुट्दै जाने बताए । अन्यसँग अहिले पनि कुरा भइरहेको उनको भनाइ थियो । अहिलेको परिस्थितिमा उच्च मनोबलका साथ आन्दोलन



सशक्त बनाउनुपर्नेमा आवश्यकता औँल्याउँदै अध्यक्ष ओलीले खुट्टा तान्ने मान्छे हटेकाले अबको निर्वाचनमा बहुमत ल्याएर देखाउने ठोकुवा गरे । उनले पार्टी नेता कार्यकर्तालाई स्वार्थमा नलागी उपयुक्त ढङ्गले पदको बाँडफाँट गरेर एकताबद्ध हुन पनि निर्देशन दिए।

निर्वाचनमा बहुमत पुऱ्याएर देखाउन नेकपा (एमाले)सामु इतिहासकै चुनौतीपूर्ण घडी खडा भएको र अहिले धेरै फल्नुपर्ने बेलामा हाँगा काटिएको छ भने । पूर्वप्रधानमन्त्री ओलीले आफ्नो नेतृत्वको सरकारले तीन वर्षमा मुलुकको विकास र समृद्धिमा देखिने गरी काम गरेको पनि दाबी गरे । बाटाघाटा, पुल, पूर्वाधारमात्रै नभई डिजिटल नेपाल निर्माणको आधार तय भइसकेको उनले बताए। अध्यक्ष ओलीले जमिनको माटोको गुणस्तर कस्तो छ, के-के नवीकरण गर्नुपर्छ, मोबाइलमा हेर्नुस् भन्न सक्ने गरी विकास गरिएको र पूर्वपश्चिम रेल चल्न लागेको, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भइसकेको तथा शिक्षा, स्वास्थ्य र सामाजिक विकासमा पनि देखिने गरी प्रगति भएको उल्लेख गरे । फरक सन्दर्भ जोड्दै अध्यक्ष ओलीले राम नेपाल भूमिमै जन्मिएको हो भनेर तथ्य प्रमाणित गरेको जिकिर गर्दै आगामी वर्षदेखि चितवनको माडीस्थित अयोध्यापुरीमा विश्वभरिका हिन्दू राम जन्मभूमि हेर्न लाइन लागेर आउने विश्वास व्यक्त गरे । उनले उक्त क्षेत्र राम जन्मभूमि होइन भनेर कुनै शास्त्रले काट्नै नसक्ने दाबी पनि गरे । उनले अहिलेको यो डेढ वर्षका लागि खाएको धक्का आगामी निर्वाचनमार्फत पाँच वर्षका लागि सरकार बनाउने गरी आउने दाबी गरे । उनले दुईपटक प्रधानमन्त्री हुँदा असफल नभएको बरु ऐतिहासिक प्रधानमन्त्री बनेको जिकिर गरे।

पार्टीका नेता तथा कार्यकर्तालाई स्वार्थभन्दा माथि उठेर विचारमा केन्द्रित हुन पनि सुझाव दिए । उनले खराब तत्व बाहिरिएकाले पार्टी अझ बलियो भएको पनि बताए । अध्यक्ष ओलीले दल पूर्वस्थितिमा गए पनि आफ्नो पार्टी एकीकृत नै रहेको र त्यही भावनाका साथ पार्टी अघि बढेकाले कुनै अलमलमा बस्नुपर्ने अवस्था नरहेको बताए।

## व्यवसाय संचालनको विकल्प छैन: अर्थमन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ साउन**

गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले अब व्यवसाय संचालनको कुनै विकल्प नभएको बताएका छन्।

कोभिड १९ (कोरोना शंक्रमण) बढ्यो भन्दैमा पटक पटक व्यावसाय बन्द गरेर नहुने बताउदै मन्त्री बरालले अब स्वास्थ्य मापदण्डलाई कडाईका साथ पालना गर्दै व्यवसाय संचालन गर्नुपर्ने शनिबार पोखरामा आयोजित एक कार्यक्रममा बताएका हुन।

विगत दुई बर्ष देखि कोरोनाको प्रभाव नेपाल सहित विश्व व्यापी रुपमा रहेको उल्लेख गर्दै मन्त्री बरालले व्यवसाय संचालन गर्ने बिषयमा अब ढिला गर्न नहुने जनाए । उनले भने "कोरोनाको प्रभाव अझै कति बर्ष रहन्छ त्यसको बारेमा कसैलाई थाहा छैन, कोरोनाको प्रभाव धेरै बर्ष रहेमा हाम्रो अर्थतन्त्र कहाँ पुग्छ, कोरोनाले गर्दा देशमा हाल भयाभह हुने अबस्था आउन थाल्यो, अब मापदण्ड पालना गर्दै व्यावसाय संचालन गर्न दिनुपर्छ भन्ने मेरो मान्यता रहेको छ।"

पोखरा १८ को फेवा पर्यटन विकास समितिले शनिबार पोखरामा आयोजना गरेको बधाई ज्ञापन कार्यक्रममा वोल्दै मन्त्री बरालले मान्छे अब कोरोनाको रोग र भोक तथा ऋणले गर्दा थप प्रभावित हुन सक्ने बताए। समितिको मागलाई पुरा गर्न आवश्यक पहल गर्ने उनले जनाए । कोरोनाले सबै भन्दा बढी प्रभावित भएको पर्यटन क्षेत्रलाई पुनःउत्थानको लागि कोरोना बिरुद्धको खोप पनि एक भएकोले खोप व्यबस्थापनमा संघिय सरकारले छिटो पहल गर्नु पर्ने मन्त्री बरालले जनाए। जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाहीले फेवा पर्यटन समितिले राखेका मागहरुलाई पुरा गर्न आफ्नो क्षेत्रबाट पहल हुने बताए। पोखरा १८ का वडा अध्यक्ष रणबहादुर थापाले पोखरामा आउने अधिकांश पर्यटकहरु पोखरा १८ मा भ्रमणमा निस्कने भए पनि राज्य पक्षबाट पयाप्त मात्रमा लगानी गर्न नसकिएको जनाए । मन्त्री बरालकै पहलमा पोखरा १८ को धेरै ठाँउमा पानी उपलब्ध भएको उनले जनाए । समितिका उपाध्यक्ष अर्जुन सुवेदीले पोखरा ६ का पर्यटन व्यवसायीहरुबाट आफुहरु प्रभावित भएको गुनासो गरे। समितिका अध्यक्ष राम कुमार राईले आफुहरुलाई हाल करिब ६ सय कोरोना बिरुद्धको खोप आवश्यक भएको बताए।

## स्याङ्जामा दश हजार बढी नयाँ क्रियाशील सदस्य

**पोखरापत्र संवाददाता**
**वालिङ, १६ साउन**

स्याङ्जामा नेपाली कांग्रेसका दश हजार नयाँ क्रियाशील सदस्य थपिएका छन् । पार्टीको आसन्न १४औं महाधिवेशनलाई लक्षित गरी पुराना सदस्यको नवीकरणका साथै नयाँ दश हजार सदस्यता थप भएको कांग्रेस स्याङ्जाका कार्यवाहक सभापति बुद्धिबहादुर रानाले जानकारी दिए।

तेह्रौं महाधिवेशनमा क्रियाशील रहेका पुराना सदस्य ११ हजार २५६ रहेकामा नौ हजार ३४१ ले नवीकरण गरेका हुन् । क्रियाशील सदस्य सङ्ख्यालाई दोब्बर बनाउने लक्ष्यअनुसार थप क्रियाशील सदस्यता वितरण गरिएको कावा सभापति रानाले बताए । जिल्लामा पुरानो क्रियाशील सदस्यमध्ये हाल नवीकरण भएका नौ हजार ३४१ र नयाँ सदस्यता १० हजार आठ गरी कूल १९ हजार ३४९ रहेका छन्।

पाँच नगरपालिका र छवटा गाउँपालिका रहेको स्याङ्जामा सबैभन्दा धेरै वालिङ नगरपालिकामा चार हजार ३८५ र सबैभन्दा कम हरिनास गाउँपालिकामा ४९३ जना क्रियाशील सदस्य रहेका छन् । वालिङमा नयाँ दुई हजार २३९, पुतलीबजारमा एक हजार ६१०, चापाकोटमा एक हजार ३५१, गल्याङमा एक हजार १७१, भिरकोट नगरपालिकामा एक हजार ८० थपिएका हुन्।

त्यस्तै कालीगण्डकीमा ६८८, आँधीखोलमा ४५३, अर्जुनचौपारीमा ४३१, बिरुवामा ४२१, फेदीखोलामा ३१० र हरिनास गाउँपालिकामा २५४ नयाँ क्रियाशील सदस्यता थपिएको छ । नयाँ र पुराना क्रियाशील सदस्यता गरी वालिङमा चार हजार ३८५, पुतलीबजारमा तीन हजार १५९, चापाकोटमा दुई हजार ४१५, गल्याङमा दुई हजार ३८१, भिरकोटमा एक हजार ९६० रहेका छन्। त्यस्तै कालीगण्डकीमा एक हजार ३४८, आँधीखोलामा ९१५, अर्जुनचौपारीमा ८८७, बिरुवामा ८२८, फेदीखोलामा ५७८ र हरिनासमा ४९३ क्रियाशील सदस्य पुगेका छन् । आसन्न १४ औं महाधिवेशनका लागि वडा, नगर, क्षेत्र, जिल्ला तथा केन्द्रको निर्वाचन कार्यतालिका सार्वजनिक गरेपनि पछिल्लो समयमा आएर स्थगित भएको छ। महाधिवेशनको मिति नजिकिँदै गर्दा तातेको जिल्लाको चुनावी सरगर्मी निर्वाचनको मिति सरेसँगै विस्तार घटेको छ। यद्यपि विभिन्न तहमा उम्मेदवारीको आकांक्षीमा देखिएका नेताले भने भेटघाटलाई निरन्तरता दिएका छन् । नेताहरू सामूहिक वा व्यक्तिगतरुपमा कार्यकर्तालाई आफ्नो पक्षमा पार्नका लागि रणनीति बुन्दैछन् । वडा, नगर, क्षेत्र तथा जिल्लामा नेतृत्वमा सम्भावित आकांक्षीमध्ये केहीले आफ्नो उम्मेदवारी घोषणा गरिसकेका छन् भने केहीले पर्ख र हेरको अवस्थामा रहेका देखिन्छन्।

## जसपा संसदीय दलको नेता यादव चयन

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ साउन**

जनता समाजवादी पार्टी (जसपा)को संसदीय दलको नेतामा उपेन्द्र यादव चयन हुनुभएको छ।

सो पार्टीले नेता नवराज सुवेदीको संयोजकत्वमा गठन गरेको निर्वाचन समितिका अनुसार पूर्वउपप्रधानमन्त्रीसमेत रहनुभएका यादव सर्वसम्मतिरुपमा दलको नेता छानिनुभएको हो । नेता यादवलाई संसदीय दलको नेतामा चयन गरियोस् भन्ने प्रस्तावको समर्थकमा डा बाबुराम भट्टराई र प्रस्तावकमा महेन्द्रराय यादव हुनुहुन्थ्यो । सो



दलको शनिबार बसेको संसदीय दलको बैठकमा प्रतिनिधिसभाका २० र राष्ट्रियसभाका दुई सांसद उपस्थित हुनुहुन्थ्यो । निर्वाचन आयोगले यादवले नेतृत्व गर्नुभएको जसपालाई आधिकारिता प्रदान गरिसकेको छ । आयोगले आधिकारिता प्रदान गरेपछि जसपा संसदीय दलको बैठक बसेको हो।

## तीन हजार १०६ संक्रमित, २३ को मृत्यु

**रासस**
**काठमाडौं, १६ साउन**

पछिल्लो २४ घण्टामा तीन हजार १०६ जनामा सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शनिबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार १३ हजार ५१९ को परीक्षण गर्दा तीन हजार १०६ सङ्क्रमित थपिएको हो।

शनिबार देखिएको सङ्क्रमित सङ्ख्यासहित कूल सङ्क्रमित सात लाख ५६ हजार ७३९ जना पुगेको छ। सङ्ख्या छ लाख ५४ हजार १७७ पुगेका छन्। नेपालमा निको हुने दर ९४.१ प्रतिशत रहेको छ । यसैगरी शनिबार सङ्क्रमणबाट २३ जनाको निधन भएको छ । निधन भएकासँगै नौ हजार ८५७ जना पुगेका छन्। प्रति १० लाखमा ३३२.२ जनाको सङ्क्रमणका कारण निधन भएको छ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला १२ पुगेका छन् । मन्त्रालयका अनुसार ती मोरङ, सुनसरी, झापा, काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, नवलपरासी पूर्व, कास्की, रुपन्देही र सुर्खेत रहेका छन्। यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला २१ पुगेका छन्।

## प्रशासकीय भवनको निर्माण तीव्र

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ साउन**

कास्कीको माछापुच्छ्रे गाउँपालिकाको अत्याधुनिक एवं सुविधासम्पन्न प्रशासकीय भवन निर्माण कार्यले तीव्रता पाएको छ । कोरोना कहरबीच स्वास्थ्य मापदण्ड अपनाएर निर्माण कार्यलाई अघि बढाइएको हो ।

विसं २०७८ फागुन १६ गतेसम्ममा सम्पन्न गर्ने गरी निर्माणका लागि नयाँ बाटो/जिएस इञ्जिनियरिङ जेभीसँग गत वषृ भदौ १५ गते ठेक्का सम्झौता गरिएको सो भवनको हालसम्म ७५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको गाउँपालिकाका सव-इञ्जिनीयर राजेन्द्र गौतमले जानकारी दिए।

उनका अनुसार कूल छ करोड ६२ लाख ११ हजारको लागतमा निर्माण गरिने सो अपाङ्गमैत्री तीनतले भवनमा ३६ कोठा र २०० व्यक्ति क्षमताको एक हलसहित अन्य दुई बैठक कोठा छन् । भवन निर्माणका लागि चालू आर्थिक वर्षमा जिल्ला समन्वय समितिको मौज्दात कोषको रु दुई करोड ५० लाख र प्रदेश सरकारबाट



रु ५० लाख बजेट विनियोजन गरिएको थियो भने बाँकी रकम गाउँपालिकाले व्यहोर्ने व्यवस्था गरिएको छ।

साविक लाहाचोक गाविस कार्यालय भवनको मर्मतसम्भार गरेर हालसम्म गाउँपालिकाको कार्यालय सञ्चालन हुँदै आएकामा पछिल्लो समय सो भवन साँघुरो हुँदा सेवा प्रवाहमा अप्ठ्यारो परेको उहाँको भनाइ छ। नयाँ भवन बनेपछि गाउँपालिकाको प्रशासनिकसहित कृषि, स्वास्थ्य, शिक्षा, सामाजिक विकासलगायतका विषयगत शाखा कार्यालयको समेत सेवा पनि एकै थलोबाट प्रवाह गर्न सुविधा पुग्ने विश्वास लिइएको छ।

जिल्ला समन्वय समितिको रु ५९ लाख ९४ हजार ६४ तथा गाउँपालिकाको रु ३९ लाख ९६ हजार ४३ गरी कूल ९९ लाख ९० हजार १०७ लागतमा गाउँपालिकाको वडा ९ को वडा कार्यालय भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ। दुई तलाको सो पक्की भवन निर्माण गरिएको हो । पालिकाका अन्य आठ वडाका आफ्नै वडा कार्यालय भवनबाट सेवा प्रवाह भइरहेको छ।

**निर्माणाधीन प्रशासकीय भवनको अनुगमन**

पोखरा महानगरपालिकासहित पाँच स्थानीय तहमध्येमा पहिलो निर्माणाधीन माछापुच्छ्रेको प्रशासकीय भवनको जिल्ला समन्वय समितिका प्रमुख बैनबहादुर क्षेत्री नेतृत्वको टोलीले अनुगमन गरेको छ।

भवनमा प्रयोग भएको काठ सम्झौताअनुसारको नभएको भन्दै स्थानीय बासिन्दाले विरोध गरेपछि सत्यतथ्य बुझ्नाका साथै समस्याको समाधान गर्न प्राविधिकसहितको सो टोलीले स्थलगत अनुगमन गरेको हो।

निर्माण व्यवसायीले काम गर्ने वातावरण बनाउन गाउँपालिकामा लिखित निवेदन दिनुभएको थियो भने स्थानीय केहीले व्यक्तिले ठेक्का सम्झौताअनुसारको काठ प्रयोग नभएको भन्दै गाउँपालिकामा मौखिक जानकारी गराएका थिए । टोलीले कम गुणस्तरीय भनिएको छुट्टाछुट्टै दुई झ्यालमा प्रयोग भएको काठको परीक्षणका लागि प्रयोगशाखामा पठाउने लक्ष्यका साथ नमूना सङ्कलन गरेर ल्याएको छ । अनुगमनका क्रममा समन्वय समिति प्रमुख क्षेत्रीले उपस्थित स्थानीय बासिन्दा, निर्माण व्यवसायी, प्राविधिकलाई तोकिएको समय र गुणस्तरमा कुनै पनि सम्झौता नहुने बताउनुभयो । गुणस्तरीय विकास निर्माणमा स्थानीय बासिन्दाको महत्वपूर्ण भूमिका हुने कुरामा जोड दिँदै उहाँले गाउँपालिका र स्थानीयले निर्माण व्यवसायीलाई काम गर्ने वातावरण तयार गर्नुपर्ने विश्वास व्यक्त गरे।



# विद्यार्थीलाई शैक्षिक सामाग्री र पोशाक वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ साउन**

पोखरा, लायन्स क्लब अफ पोखरा पिस टाउन र बाबा फाउण्डेशन नेपालसँगको सहकार्यमा स्टेशनरी सामग्री वितरण गरिएको छ । क्लबले पोखरा महानगरपालिका वडा नं ३१ बेगनास स्थित श्री आनन्द ज्योती मा बि मा स्टेशनरी सामग्री सहित विद्यालय पोशाक, फिल्टर वितरण गरेको हो ।



विद्यालय परिसरमा आयोजित एक समारोहमा कार्यक्रमका प्रमुख अतिथि लायन्स डिष्ट्रिक्ट ३२५ बि १ नेपालका डिष्ट्रिक्ट चिफ एडभाईजर राजेन्द्र बाटाजु, क्लस्टर ५ का क्लस्टर चिफ पुरुषोत्तम पराजुली, बाबा फाउण्डेशन नेपालका सचिव टंकराज अधिकारी, लायन्स क्लब अफ पोखरा पिस टाउनका अध्यक्ष शोभा अधिकारी पौडेल लगायतले संयुक्त रुपमा शैक्षिक सामग्री वितरण गरेका थिए । विद्यालयको माग अनुसार प्राथमिक तहमा अध्ययन गर्ने ३७ जना विद्यार्थीहरूलाई कपि कलम र विद्यालय पोशाक वितरण गरिएको क्लबका सचिव कान्ति अधिकारी पौडेलले जानकारी दिनुभयो । विद्यालयका प्र अ शिवप्रसाद अधिकारीले दिएको जानकारी अनुसार विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरूको लागि दैनिक उपभोग्य अत्यावश्यक सामग्रीहरू जुटाउन कठिन भईरहेको हुँदा सहयोगको लागि माग गर्नुपरेको भनाई रहेको थियो । बितरण समारोहमा क्लबका अध्यक्ष शोभा अधिकारी पौडेलले मानविय सेवाका कार्य अन्तर्गत आफुले अध्ययन गरेको विद्यालयमा शिक्षा र आधुनिक शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक समाग्रीहरु वितरण गर्न पाएकोमा खुशी ब्यक्त गर्दै आगामी दिनमा पनि सक्दो सहयोग गर्ने बचनबद्धता ब्यक्त गर्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि डिष्ट्रिक्ट चिफ एडभाईज°र राजेन्द्र बाटाजु, क्लस्टर ५ का क्लस्टर प्रमुख पुरुषोत्तम पराजुली, रिजन चेयरपर्सन अमृत बराल, जोन चेयरपर्सन एवं पिस टाउनका निवर्तमान अध्यक्ष सरला तिमिल्सिना लगाएतले क्लबले विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई गरेको सहयोगको प्रशंसा गर्दै धन्यवाद व्यक्त गर्नु भएको थियो ।

बाबा फाउण्डेशनका सचिव टंकराज अधिकारीले फाउण्डेशनले सामाजिक बिकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बिषयलाई ध्यानमा राखी स्थानिय श्रोत र साधनको अधिकतम परिचालनबाट सामाजिक सेवाका कार्यलाई अगाडि बढाउदै आईरहेको बताउनुभयो ।

उहाँले बालबालिकाले शिक्षा प्राप्त गर्ने मौलिक अधिकार प्राप्त गरेता पनि गरिवि र बिपन्नताका कारण कपि कलमको समस्याले विद्यार्थीहरुमा पठन पाठनमा कठिनाई भएको विद्यालय प्रशासनबाट प्राप्त सुचना अनुसार शैक्षिक समाग्री बितरण गरिएको बताउनु भयो। लायन्स क्लब अफ पोखरा पिस टाउनका अध्यक्ष शोभा अधिकारी पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालय ब्यावस्थापन समितिका अध्यक्ष रुद्रनाथ अधिकारी, शिक्षक प्रतिनिधि सुक्रराज अधिकारी, क्लबका प्रथम उपाध्यक्ष सिता तिमिल्सिना, सचिव कान्ति अधिकारी लगाएतले शिक्षाको महत्व बारेमा आ-आफ्नो भनाई राखेका थिए ।

सो अवसरमा क्लबले विद्यालय परिसरको वातावरणलाई रमणीय बनाउदै वातावरण संरक्षण गर्ने उदेश्यले अमला, हर्रो, बर्रो, कल्की, सित्तल चिनी, चाप, लप्सी, तेजपत्ता, कपूर, रुद्राक्ष, गोलमोहर लगायत १०० वटा विरुवा रोपेको थियो ।

# फेवा नहर व्यबस्थापन गर्न पोखरेलीको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ साउन**

गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवन समक्ष पोखराको फेवा नहरलाई व्यबस्थापन गर्न पोखरेलीले माग गरेका छन् ।

पोखरा १७ को जनजागरण टोल विकास संस्थाले शनिबार मन्त्री बराललाई बधाई ज्ञापन गर्ने क्रममा पोखरेलीले फेवानहरको कारण हरेक बर्ष जसो मान्छे समेत बगाउने त केहीको मृत्यु समेत भएकोले फेवानहर व्यबस्थापन गर्न माग गरेका हुन् ।

पोखरा महानगरपालिका वडा नम्बर १७ का वडा अध्यक्ष तिर्थराज अधिकारीले पोखरा पार्दी स्थित राम मन्दीरबाट पावरहाउस खेल मैदान जाने १२ सय मिटर सडक स्तरोन्नती गर्न माग गरे । पावरहाउसमा करिब ५ सय रोपनी जग्गा मध्य हाल सहासिक खेल गतिविधि संचालन गर्न सकिने गरी हाल १ सय ५२ रोपनी जग्गा प्रयोग गर्न मिल्ने अबस्थामा रहेको उनले जनाए । संस्थाका उपाध्यक्ष कमलप्रसाद बरालले द्धन्दकालमा हत्केलामा ज्यान राखेर जनयुद्धमा होमिएको योद्धा आज मन्त्री भयर आफुहरुले सममान गर्न पाउन निकै खुसि व्यक्त गरे । उनले जनातको भावना अनुसार काम गर्न मन्त्री बराललाई आग्रह गरे । जनजागरण आमा समुहका अध्यक्ष नन्दकुमारी गुरुङ, पोखरा १७ का वडा सदस्य राधिका शाही, सचिव शिव बराल लगायतले मन्त्री बरालाई बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको कामना गरेका थिए । पोखरा १७ धेरै क्षेत्रका मानिसहरुको बसोबास भएको मिश्रित बस्ती भएकोले सम्भावना युक्त पोखरा १७ लाई अपेक्षा गरे अनुरुप आफ्नो क्षेत्रबाट पहल गर्ने मन्त्री बरालले जनाए । आगामी दिनमा रचनात्मक सल्लाह सुझावको अपेक्षा गरिएको उनले जनाए । राज्य पक्षबाट एक पैसा नहुदा पनि सामुदायिक भवन बनाएकोमा मन्त्री बरालले धन्यवाद दिर्दै आगामी दिनमा संस्थाको बृहत विकासमा थप सहयोग गर्ने जनाए ।

# राष्ट्रिय संगीतकर्मी संघ पोखरा २५ को अध्यक्षमा बिश्वकर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ साउन**

राष्ट्रिय संगीतकर्मी संघ पोखरा महानगर समितिको आयोजनामा शनिबार भएको पोखरा २५ को वडा स्तरीय भेलाले सन्जिप बिश्वकर्माको अध्यक्षतामा ७ सदस्यीय वडा समिति चयन गरेको छ ।

समितिको उपाध्यक्षमा उमेश तिमिल्सिना, सचिवमा सम्राट गायक, कोषाध्यक्षमा सुजन बिक, सहसचिवमा अबिशेक बिक र दुई सदस्यहरुमा महिलालाई चयन गर्ने भएका छन् ।

कार्यक्रमको प्रमुख अतिथि गण्डकी प्रज्ञा प्रतिष्ठान सभा सदस्य प्राज्ञ छन्दिका त्रिपाठीले उद्धाटन गर्दै राष्ट्रिय रूपमा जाने बिश्वास लिदै संगीत र छन्द भनेको एकअर्काको परिपुरक भएको बताउनु भएको थियो । कार्यक्रममा कास्की जिल्ला अध्यक्ष ऋषिराम दाहाल, गीतकार तथा मान्छे बोक्सी हुन्न कहिलै जागरण नेपालका केन्द्रिय अध्यक्ष कोबिद शरण उपाध्याय, कास्की जिल्ला सल्लाहकार कृष्ण रानाभाट, जिल्ला इन्चार्ज तथा प्रदेश सदस्य लीला पौडेल, महानगर सल्लाहकार रामचन्द्र लामिछाने लगाएतले शुभकामना व्यक्त गर्दै संस्थाको बारेमा बोल्नु भएको थियो ।

राष्ट्रिय संगीतकर्मी संघ महानगर अध्यक्ष सुनिल गायकको अध्यक्षतामा भएको कार्यक्रमको संचालन कास्की जिल्ला उपाध्यक्ष सागर कार्कीले गर्नु भएको थियो ।

# खुला सिमानामा खुला हत्या भन्दै वालिङमा बिरोध

**श्रीकृष्ण सिग्देल**
**वालिङ, १६ साउन**

सिमा क्षेत्रमा बस्ने नेपाली दाजुभाईको सुरक्षाको माग गर्दै वालिङमा बिरोध प्रदर्शन गरिएको छ ।



शुक्रवार दार्चुलाका जयसिंह धामीको तुइनबाट पार गर्दै गर्दा भारतीय एसएसबीले तुईन काटेर महाकलीमा बगेको घट्नाको र सिमा क्षेत्रमा बस्ने नागरिकको सुरक्षाका लागि वालिङमा बिरोध गरिएको हो ।

गैह्रराजनीतिक युवा संघ नामक दिइएको युवा पंक्तीले स्याङ्जाको वालिङमा बिरोध गर्दै कोण सभा गरेका थिए । हात-हातमा प्लेकार्ड बोकेका युवाहरुले भारतीय एसएसबीको ज्यादती बिरुद्ध नेपाल सरकारले तुरुन्तै कारवाहि गरी पिडितलाई न्याय दिन माग गरे । खुल्ला सिमानामा खुल्ला हत्या, सरकार जनताको सुरक्षा खोई ?, नागरिकलाई कसले सुरक्षा दिन्छ ?, जयसिंह धामी नेपाली नागरिक हैनन् ? भन्ने जस्ता नारा लेखिएका प्लेकार्ड सहित युवाहरुले भारतीय एसएसबीको अमानवीय अक्षम्य अपराध र हेपहा प्रवृत्ति बिरुद्ध हदै सम्म कठोर कदम चाल्न नेपाल सरकारलाई ध्यानाकर्षण गराएका थिए । सामाजिक अगुवा दिनकर नेपाल र प्रकाश अर्यालले नेतृत्व गरेको बिरोध कार्यक्रममा नेपालको राष्टिञय झण्डा र कालो झण्डा बोकेर युवाहरुले सांकेतिक बिरोध निकालेका थिए । यस बिषयमा नेपाल सरकारले हदै सम्म दोशीलाई कारवाहिको माग गर्दै सिमा क्षेत्रमा रहेका नेपालीको सुरक्षाको प्रत्याभुति दिलाउन समेत आग्रह गरे । युवाहरुले इलाका प्रशासन मार्फत गृह मन्त्रालयलाई ज्ञापनपत्र समेत बुझाउने तयारी भएको बताइएको छ । शुक्रवार घरबाट काठमाण्डौ जान्छु भनेर हिडेका व्यास गाँउपालिका २ मालगाँउका धामी महाकाली नदीमा तुइन पार गर्दै गर्दा भारतीय सिमा सुरक्षा बलले तुइन काटेर महाकालीमा वगेर बेपत्ता भएका थिए । उनको सुरक्षा फौजबाट खोजी भएपनि अझै फेला परेका छैनन् ।

यस घट्नाबारे नेपाल सरकारले छानबिन समिति बनाएपनि आधिकारिक धारणा भने अझै सार्वजनिक भएको छैन । एक निर्दोश नेपाली नागरिकको दिनदहाडै तुइन पारगर्दै गर्दा काटेर हत्या गर्ने क्रुर अमानवीय व्यवहार प्रति अहिले नेपालभरका नेपाली आक्रोसित भएका छन् ।




# टोकियो ओलम्पिकमा ४० पदकसहित चीन शीर्ष स्थानमा

**रासस**
**काठमाडौं, १६ साउन**

जापानको राजधानी टोकियोमा जारी ३२ औं ग्रीष्मकालीन ओलम्पिक खेलकुदमा चीन ४० पदकसहित शीर्ष स्थानमा उक्लेको छ । जापान र अमेरिकालाई उछिन्दै चीन शीर्ष स्थान ओगट्न सफल भएको हो ।

चीनले हालसम्म १९ स्वर्ण, १० रजत र ११ कास्य पदक प्राप्त गरेको छ । जापान दोस्रो तथा अमेरिका तेस्रो स्थानमा रहेका छन् । जापानले १७ स्वर्ण, चार रजत र सात कास्य पदक प्राप्त गरेको छ भने अमेरिकाले १४ स्वर्ण, १७ रजत र ११ कास्य प्राप्त गर्न सफल भएको छ ।


यस्तै १० स्वर्ण, १४ रजत र १० कास्य पदक प्राप्त गर्दै रसिया ओलम्पिक कमिटी पदक तालिकाको चौथो स्थानमा रहेको छ ।

यसैगरी अस्ट्रेलिया नौ स्वर्ण, दुई रजत र ११ कास्य पदकका साथ पाँचौं स्थानमा रहेको छ । बेलायत सात स्वर्ण, नौ रजत र नौ कास्यसहित छैटौं, दक्षिण कोरिया पाँच स्वर्ण, चार रजत र ६ कास्यका साथ सातौं, नेदरल्याण्डस् तीन स्वर्ण, सात रजत र पाँच कास्य जित्दै आठौं, फ्रान्स तीन स्वर्ण, पाँच रजत र ६ कास्यका साथ नवौं तथा जर्मनी तीन स्वर्ण, चार रजत र नौ कास्यका साथ पदक तालिकाको १०औं स्थानमा रहेको टोकियो ओलम्पिकको वेबसाइटमा उल्लेख छ । टोकियो ओलम्पिकमा सहभागी २०५ देशमध्ये हालसम्म ७० देशले पदक प्राप्त गर्न सफल भएका छन् ।

नेपालबाट चार खेलमा पाँच खेलाडी टोकियो ओलम्पिकमा सहभागी भएका थिए । सुटिङकी कल्पना परियार, जुडोकी सोनिया भट्ट, पौडीका एलेक्स शाह र गौरिका सिंह तथा एथलेटिक्सकी सरस्वती चौधरीले आ आफ्नो खेलमा प्रतिस्पर्धा गर्नुभएको थियो । पाँचै खेलाडी टोकियो ओलम्पिकबाट बाहिरिनुभएको छ ।

परियारले महिला १० मिटर एयर राइफल, भट्टले महिला ४८ किलो तौल समूह, शाहले १०० मिटर फ्रि स्टाइल, सिंहले १०० मिटर फ्रि स्टाइल तथा चौधरीले १०० मिटर दौडमा प्रतिस्पर्धा गर्नुभएको थियो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फेड डे

## सम्पादकीय

# एमालेको ल्याङल्याङ

नेकपा एमालेको एकताको लागि नेताहरू चक्कर लगाउने काम करिब समाप्त भएको छ । दुईवटा पार्टीको अभ्यास गरेको एमालेलाई एकताबद्ध बनाउने दोस्रो तहका नेताहरू सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा भएका छलफल परिणाम दिन सकेको छैन । पार्टीले कुनै काम गर्न नपाउने अवस्थामा पुगेको छापार्टीलाई एकताबद्ध बनाउन बनेको कार्यदलले दिएको सिफारिस कार्यान्वयनमा अरुचि देखिन्छ । अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपाल एकै ठाउँमा रहन नसक्ने अवस्था छाअध्यक्ष ओली नेपाललाई दोस्रो अध्यक्ष दिन तयार भएको सन्देश पठाएका छन । नेपाल भने ओलीको राजिनामा बिना एकता हुन नसक्ने धुर्की लगाएका छन । अध्यक्ष ओलीले स्थायी कमिटी बैठक बोलाएपछि त्यसअघि एकताको उपाय खोज्न विघटित कार्यदलका नेताहरू अनौपचारिक छलफलमा जुटेका थिए । १० बुँदे सहमति र दुई अध्यक्ष मानेर एमाले एकता कायम गर्नेबारे छलफल भएको थियो । अनौपचारिक छलफलमा भने भएन । विघटित कार्यदलका एक सदस्यका अनुसार माधव नेपालले दश बुँदेमा आफ्नो सहमति नरहेको प्रष्ट पारेका छन् । उनले यो कुरा आफू पक्षधर वार्ता टोली संयोजक भीम रावल र केपी ओली पक्षधर संयोजक सुवास नेम्वाङ र विष्णु पौडेललाई प्रष्ट रुपमा बताएका छन् ।

'माधवले दश बुँदे सहमति मैले भने अनुसार छैन त्यसलाई म मान्दिन भन्दै आएका छनाम मिल्न तयार छु र अलग हुन पनि तयार छु । मिल्ने हो भने केपी ओलीले अध्यक्ष छाड्नुपर्छ भन्ने शर्त छ । यो भनेको लगभग माधव नेपालसहितको एकताको च्याप्टर क्लोज हो । अनौपचारिक छलफलमा ओली पक्षका नेताहरूले माधव नेपालको बटमलाइन आइसकेको भन्दै 'अब तपाई हामी के गर्ने हो ?' भन्ने प्रश्न गरेका छन् । नेपाल पक्षका नेताहरूले अझै जवाफ दिएका छैनन् । उनीहरू दुई अध्यक्षमा माधव नेपाललाई मनाउन सकिन्छ भन्नेमा अझै लागेकाले एमालेको वारपार हुन एक दुई दिन थप लाग्ने देखिएको छ । नेपाललाई सुवास नेम्वाङ र विष्णु पौडेलले पनि भेट गरेर अध्यक्ष ओलीसँग संवाद गर्न सुझाए । तर दुवै नेतालाई वरिष्ठ नेता नेपालले आफू ओलीलाई अध्यक्ष मानेर एमालेमा नफर्किने बताएका छन् । उनले अर्को अध्यक्ष पनि आफू नबन्ने प्रष्ट पारेका छन् । यहि कुरा उनले रावललाई पनि बताइसकेका थिए ।

रावलले माधव नेपालको बटमलाइन बुझे पनि नेपाल पक्षकै कतिपय नेताले अझै पनि अर्को अध्यक्षमा मनाउन सकिने आशा राखेका कारण एमाले एकताको नामका वार्ता अझै केही दिन चल्ने सम्भावना छ । ओली पक्षले भने माधव नेपालसहितको एकताको सम्भावना देखेको छैन । माधवले म केपी ओलीको अन्तर्गत बस्दिनँ, दोस्रो अध्यक्ष पनि खान्नँ र म आउदिनँ भन्ने जवाफ दिएका छना । १० बुँदे पनि मान्दिन भनेर आफ्नो अडानमा प्रष्ट हुदा नेपालसंग जोडिएका केही नेताहरू अझै अन्योलमा भएका कारण ल्याङल्याङ अझै केही दिन रहनेछ । वरिष्ठ नेता नेपाल पछिल्लो समय कार्यदलमा पठाएका आफ्नै सदस्यहरूप्रति समेत सन्तुष्ट छैनन् । त्यसैले उनले तेस्रो र चौथो तहका नेता कार्यकर्ताको भर पर्न थालेका छन् । शनिबारको अखिल फोर्सको भेलामा पनि नेपाल र रामकुमारी झाँक्रीले सम्बोधन गरे तर दोस्रो तहका नेतालाई बोलाइएन । झाँक्रीले त माधव नेपाललाई धोखा दिएर दोस्रो तहका नेताहरू अर्कैतिर मिल्न गएको आशंका समेत व्यक्त गरिन् । कार्यदलको बैठकमा पनि सुवास नेम्वाङ लगायतका नेताहरूले माधव नेपाल पक्षधर नेताहरूलाई आफ्नो कित्ता प्रष्ट पार्न सुझाव दिएको दिएका छन् ।

नेपाल पक्षधर नेताहरूलाई अझै केही दिन पर्खिने सोचमा ओली छन् । उनले यसबीचमा माधव नेपाल समूहमा रहेका स्थायी कमिटी सदस्यहरूलाई व्यक्तिगत रूपमा बोलाएर भेटघाट गरिरहेका छन् । आफूले विश्वास गरेका दोस्रो तहका नेताहरूप्रति उनको भरोसा टुटेको छ । पछिल्लो भेला र छलफलहरूमा माधव नेपालले भन्दा सांसद र केन्द्रीय सदस्यहरूले ती नेताहरूको चर्को विरोध गरिरहेका छन् । भीम रावल र सुरेन्द्र पाण्डे जस्ता नेताहरूले अन्तिममा घोखा दिएको निष्कर्ष नेपाल पक्षको छ । उनले केही नेताहरूसँगको छलफलमा अब नयाँ पार्टीमा बरु डा. विजय पौडेललाई महासचिव बनाउने तर दोस्रो तहका भनिएका नेताहरूको विश्वास नगर्ने बताएका छन् । पौडेल पछिल्लो समय माधव नेपालको प्रतिनिधित्व गर्दै सत्तारुढ गठबन्धनका बैठकमा जाने गरेका छन् । नेपालले भने आफू निकट स्थायी कमिटी सदस्यहरूसँगको छलफल पातलो बनाएका छन् । बरु उनी आफूलाई विश्वास गर्ने मतका बेला साथ दिने २२ सांसदसँग नजिक छन् । नेपालमाथि सरकारमा जान पनि दबाब छ ।नेपाल पक्षका केही मन्त्रीले चाँडै सपथग्रहण समेत गर्नेछन।संसद जोगाउन अदालत गएका कारण संसद जोगियो । अब एमाले जोगाउने भन्दै आएका नेताको भनाइप्रति ईमान्दार हुन्छन् कि हुदैनन् त्यसैमा एमालेको छिनोफानो हुनेछ ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | ः झमेला बढ्ने | तुला | ः सम्मान मिल्नेछ |
| वृष | ः कार्यमा सफलता | वृश्चिक | ः सहयोग मिल्नेछ |
| मिथुन | ः अप्रत्यसित लाभ | धनु | ः मन चञ्चल |
| कर्कट | ः शारीरिक झमेला | मकर | ः मानसिक तनाव |
| सिंह | ः शत्रुको भय | कुम्भ | ः आर्थिक समस्या |
| कन्या | ः ब्यापारमा लाभ | मीन | ः सत्कार मिल्नेछ |

**हरिसिद्धि भविस्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# वैकल्पिक विधिबाट विद्यालय सञ्चालन गर्दै पर्वतका स्थानीय तह

पोखरापत्र संवाददाता
पर्वत, १६ साउन

नयाँ शैक्षिक सत्र शुरु भएको झण्डै डेढ महिना पुगिसकेको छ । कोभिड–१९ को सङ्क्रमणका कारण विद्यालय सञ्चालन गर्ने विषय अन्यौलमा पर्दै गएको छ । सङ्क्रमणको दर बढ्दै जाँदा शैक्षिक क्रियाकलाप सञ्चालन गर्न समस्या भइरहेका बेला पर्वतका स्थानीय तहहरूले वैकल्पिक विधिबाट पठनपाठन गराउन थालेका छन् ।

पर्वत सदरमुकाम कुश्मा र आसपासका क्षेत्रमा गएको असार १५ गतेदेखिनै निजी तथा सामुदायिक विद्यालयले वैकल्पिक कक्षा सञ्चालन गरेका थिए तर ग्रामीण भेगमा रहेका स्थानीय तहमा भने अन्यौल रहेको थियो । कोभिड–१९ को सङ्क्रमण न्यूनीकरण भएर भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्ने अवस्था नदेखिएपछि अन्य छ वटा स्थानीय तहले वैकल्पिक विधिबाट कक्षा सञ्चालन गर्न थालेका हुन् ।

जिल्लाको मोदी गाउँपालिकाले अनलाइन कक्षा, घरदैलो कार्यक्रम, टोल शिक्षा र मोबाइल फोनको प्रयोग गरी पठनपाठन गराउन निर्देशन दिएको छ । स्वास्थ्य सुरक्षाका मापदण्ड प्रयोग गरी उपयुक्त विधि अपनाएर पठनपाठन सञ्चालन गर्न निर्देशन जारी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत किसानबहादुर क्षेत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार सबै शिक्षक विद्यालयमा हप्ताको दुई दिन अनिवार्य उपस्थित हुने, विद्यालयको कार्ययोजनाअनुसार सिकाइ सहजीकरणमा सक्रिय भएर लाग्न निर्देशन दिइएको उहाँले बताउनुभयो । त्यसैगरी दक्षिण पर्वतको पैयूँ गाउँपालिकाले कक्षा १ देखि ७ सम्म टोल शिक्षामार्फत विद्यार्थीलाई पढाउन विद्यालयलाई निर्देशन दिएको छ । त्यसैगरी कक्षा ८ देखि माथि अनलाइन र भर्चुअल कक्षा सञ्चालन गरी पठनपाठन नियमित गर्न निर्देशन दिइएको प्रमुख प्रशासकीय अधिकृत केशव लामिछानेले जानकारी दिनुभयो । लामो समयको बन्दाबन्दीमा विद्यार्थी पढाइबाट वञ्चित हुन नपरोस् र शैक्षिक सत्रको सदुपयोगका लागि यस्तो निर्देशन गरिएको लामिछानेले बताउनुभयो ।

यता जलजला गाउँपालिकामा वैकल्पिक विधिबाट कक्षा सञ्चालन गर्नेबारेमा छलफल भइरहेको छ । कोभिड सङ्क्रमण घट्दै गएमा भौतिक उपस्थितिमै स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर कक्षा सञ्चालन गर्ने र सङ्क्रमण बढ्दै गएमा उपयुक्त वैकल्पिक विधि अपनाएर पठनपाठन सञ्चालन गरिने प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रबहादुर क्षेत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार अभिभावकले विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचारीसँग छलफल भइरहेको छ ।

जलजला गाउँपालिका–९ बनौमा रहेको बनौ माविमा भने भौतिक उपस्थितिमै कक्षा सञ्चालन गरिएको छ । वडामा सङ्क्रमणको दर न्यून रहेकाले स्वास्थ्य मापदण्ड अपनाएर भौतिक उपस्थितिमै कक्षा सञ्चालन गरिएको विद्यालयका प्रअ चक्रबहादुर पुनले जानकारी दिनुभयो । यसैगरी फलेवास नगरपालिकामा पनि कक्षा सञ्चालनमा अन्यौलनै देखिएको छ । कोरोना सङ्क्रमण घट्दै गए विद्यालयनै सञ्चालन गर्ने कि भन्ने सोचमा रहेको नगरप्रमुख पदमपाणि शर्माले बताउनुभयो । यदि सङ्क्रमण बढेको खण्डमा सम्भव भएसम्म अनलाइन र सम्भव नहुने विद्यालयमा टोल शिक्षामार्फत कक्षा सञ्चालन गरिने जानकारी दिनुभएको छ।बिहादी गाउँपालिकामा शिक्षकले कोरोना खोप लगाइसकेकाले भौतिक उपस्थितिमा वा वैकल्पिक विधिबाट गर्ने भन्नेबारे निर्णय भइनसकेको गाउँपालिकाका शिक्षा शाखा प्रमुख दिनेश भुसालले बताउनुभयो । उहाँले केही विद्यालयमा भने अनलाइनमार्फत नियमित पठनपाठन भइरहेको जानकारी दिनुभएको छ। आइतबारदेखि उपयुक्त विधिबाट कक्षा सञ्चालन गरिने भुसालले बताउनुभयो । जिल्लाको महाशिला गाउँपालिकामा पनि वैकल्पिक विधिबाट कक्षा सञ्चालन गर्ने तयारी भइरहेको छ । आइतबार बस्ने कार्यपालिकाको बैठकले विद्यालय सञ्चालनबारे आवश्यक निर्णय लिने प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार अहिलेसम्म सबै विद्यालय बन्द नै गरिएको छ । शिक्षकले खोप लगाइसकेको र सङ्क्रमण दर गाउँपालिकामा न्यून हुँदै गएकाले स्वास्थ्य सुरक्षा मापदण्ड बनाएर टोल शिक्षा वा विद्यालयनै सञ्चालन गर्नेबारे निर्णय गरिने उहाँको भनाइ रहेको छ । ग्रामीण क्षेत्रका कतिपय सामुदायिक विद्यालयले जसोतसो अनलाइन पढाइ शुरु गरे पनि गाउँगाउँमा रहेका अधिकांश विद्यालय भने क्रियाकलापविहीन छन् । ग्रामीण क्षेत्रका धेरै बासिन्दाको आर्थिक अवस्था कमजोर रहँदा स्मार्टफोन किन्न नसक्नु, इन्टरनेट जडान गर्न नसक्नु तथा ग्रामीण क्षेत्रमा इन्टरनेट प्रदायक संस्था नहुनुजस्ता कारणले समस्या भइरहेको फलेवास नगरपालिकाको जनसहयोगी माविका प्रधानाध्यापक गणेशबहादुर थापाले बताउनुभयो । शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय पर्वतका प्रमुख उद्धीमराज पौडेलले सदरमुकाम र आसपासका विद्यालयले अनलाइनमार्फत नै नयाँ शैक्षिक सत्र शुरु गरेका भए पनि गाउँमा रहेका विद्यालयले त्यो गर्न नसकिरहेको बताउनुभयो ।

गाउँका कतिपय विद्यालयले सञ्चालन गरिरहेका अनलाइन कक्षामा पनि विद्यार्थीको उपस्थिति राम्रो नभएको खबर आएको उहाँको भनाइ छ । एउटै घरमा दुईजना बच्चा भएमा उनीहरूको लागि दुईवटा स्मार्ट फोन आवश्यक छ । गाउँमा इन्टरनेट जडानका लागि शुल्क महँगो भएकाले अस्थायी समयको लागि हजारौं रुपैयाँ लगानी नगर्ने सोचमा अभिभावक रहेको देखिएको छ ।

# तनहुँ जलविद्युत् आयोजना : सर्ज ट्याङ्क जाने पहुँच सुरुङ पूरा

–कृष्ण न्यौपाने
दमौली, १६ साउन

ऋषिङ गाउँपालिका–१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको सर्ज ट्याङ्क जाने पहुँच सुरुङ पूरा भएको छ । आयोजनाको प्याकेज दुईअन्तर्गत सर्ज ट्याङ्क जाने पहुँच सुरुङ खन्ने काम सकिएको हो । सिनो हाइड्रो कम्पनीले ४३७.१ मिटर लामो सुरुङ खन्ने काम सम्पन्न गरेको आयोजनाका प्रमुख अच्युत घिमिरेले जानकारी दिनुभयो । यसअघि २८०.८५ मिटर लामो मुख्य पहुँच सुरुङ गत जेठ २१ गते पूरा भएको थियो । प्याकेज–३ अन्तर्गत प्रसारण लाइनमा हालसम्म २६ फाउण्डेशनको कार्य सम्पन्न भएको आयोजना प्रमुख घिमिरेले जानकारी दिनुभयो । "टावर निर्माणका लागि भारतबाट प्राविधिक टोली आएर साइटमा आवश्यक तयारी गरिरहेको छ", घिमिरेले भन्नुभयो, "समग्रमा आयोजनाको कामलाई तीव्रता दिइएको छ।"

प्रसारण लाइन निर्माणका लागि कूल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गर्न रु एक करोड ३१ लाख ३४ हजार ५१० मुआब्जा निर्धारण भएकामा हाल उक्त जग्गाको कित्ताकाट गरी मुआब्जा वितरणको प्रक्रियामा रहेको छ । केही समय अगाडि मात्रै सम्झौता भएको प्याकेज–१ को कामका लागि निर्माण कम्पनीले आवश्यक तयारी शुरु गरेको छ । आयोजनाको मुख्य काम नदी फर्काउने, बाँध निर्माणलगायतका पहिलो प्याकेजको काम शुरु गरिएको छ । उक्त कामका लागि आयोजनाले सोङ्ग द कर्पोरेशन, भियतनाम–कालिका कन्स्ट्रक्सन (प्राली नेपाल जेभीसँग सम्झौता गरेको थियो । आयोजनाले ती कम्पनीसँग पहिलो प्याकेजका लागि रु १६ अर्ब ६२ करोड (प्रोभिजनल सम र मूल्य अभिवृद्धि करबाहेक)मा सम्झौता गरेको थियो । ठेकेदार कम्पनीले खरिद सम्झौता कार्यान्वयनमा आएको ५७ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ ।

आयोजनाको प्याकेज–१ (हेडवर्क्स) निर्माणका लागि निर्माण कम्पनी सिएमसी डि राभेना, इटालीसँग विसं २०७५ असोज १५ गते सम्पन्न खरिद सम्झौता रद्द भएपश्चात् कम्पनीले विसं २०७६ वैशाख १२ गते पुनःबोलपत्र आह्वान गरेको थियो । कम्पनीले उक्त बोलपत्र प्रक्रियामा प्राप्त कुनै पनि प्राविधिक बोलपत्र सारभूतरुपमा प्रभावकारी हुन नसकेकाले सबै बोलपत्र अस्वीकृत गरी एशियाली विकास बैंकको खरिद निर्देशिकाअनुरुप विसं २०७६ फागुन १६ गते दोस्रोपटक पुनः बोलपत्र आह्वान गरेको थियो । प्याकेज–२ अन्तर्गत सात भागमा एकैचोटी काम भइरहेको छ । यो प्याकेजअन्तर्गत केबुल सुरुङ खन्ने कार्य सम्पन्न गरी भूमिगत विद्युत्गृह खन्ने कार्यका अतिरिक्त सर्ज ट्याङ्क कतर्फको पहुँच सुरुङ सकिएको हो । आयोजनाले सामाजिक उत्तरदायित्व बहनअन्तर्गत खानेपानी, बाटो निर्माण गरिरहेको छ।साथै विद्युत् सेवा नपुगेका ग्रामीण भेगमा विद्युतीकरणको कार्यक्रम पनि आयोजनाले सञ्चालन गरिरहेको छ । यस्तै भीमाद नगरपालिकामा रहेको जनज्योति क्याम्पसको भवनमा तला थप गर्न पनि आयोजनाले सहयोग गरेको छ । आयोजनामार्फत् नै तनहुँका विभिन्न ठाउँमा विद्युतीकरणको कामसमेत अगाडि बढेको छ । आयोजनामार्फत् जिल्लाका घिरिङ गाउँपालिका, ऋषिङ गाउँपालिका, शुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी र देवघाट गाउँपालिकाका विद्युत नपुगेका घरधुरीमा विद्युतीकरण गरिनेछ ।

कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडिबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# पुरानै धारमा फर्काइयो मर्स्याङ्दी

पोखरापत्र संवाददाता
मनाङ, १६ साउन

मनाङ भएर बग्ने मर्स्याङ्दी नदीलाई पुरानै धारमा फर्काइएको छ । गत असार १ गते परेको अविरल वर्षापछिको बाढीका कारण नदीले धार परिवर्तन गरेको थियो ।

नदीले आफ्नो पुरानो धार परिवर्तन गरेपछि महिनादिनसम्म थुनिएर ड्याम बनेको र यसका कारण चामे बजार उच्च जोखिममा परेको थियो ।

जिल्लाका विभिन्न सुरक्षा निकाय र स्थानीयको महिना दिनभन्दा लामो प्रयासपछि बिहीबार मर्स्याङ्दी नदीलाई पुरानै धारमा फर्काउन सफल भएको सशस्त्र प्रहरी बल मनाङका प्रहरी नायब उपरीक्षक होमनाथ पन्थीले बताउनुभयो । उहाँले भन्नुभयो "महिनौं दिनपछि आज मर्स्याङ्दी नदीलाई पुरानै धारमा फर्काउन सफल भएका छौँ । सशस्त्र प्रहरी, नेपाल प्रहरी, स्थानीय र विभिन्न सुरक्षा निकायको निरन्तरको प्रयासपश्चात् नदीलाई पुरानै धारमा फर्कायौँ ।"

अहिले नदी पुरानै बाटो हुँदै बगेको छ । नदीको बहावका कारण जोखिममा रहेका बस्तीको खतरा तत्कालका लागि हटेको स्थानीयले बताएका छन् । उता मर्स्याङ्दीमा आएको बाढीले चामे बजारमा रहेको एकमात्र झोलुङ्गे पुल पनि बगाएपछि समस्या थपिएको छ । यही साउन ५ गते राति आएको बाढीले माथिल्लो मनाङ जोड्ने झोलुङ्गे पुल बगाएको छ ।

माथिल्लो मनाङ जाने बेलिब्रिज जोखिममा परेपछि स्थानीय उक्त पुलबाट आवातजावत गर्दथे । झोलुङ्गे पुल पनि बगाएपछि स्थानीयलाई वारपार गर्नसमेत अहिले समस्या भएको छ । असार १ को बाढीले मनाङमा सडक, पुल, विद्यालय भवन र बस्ती बगाउने खतरा बढेसँगै सशस्त्र प्रहरीले नियन्त्रणको प्रयास गर्दै आएको सशस्त्र प्रहरी बलका नायब उपरीक्षक पन्थीले बताउनुभएको छ ।

# जलचरको अस्तित्व संकटमा

पोखरापत्र संवाददाता
म्याग्दी, १६ साउन

प्राकृतिक प्रकोप र मानवीय अतिक्रमणका कारण म्याग्दी क्षेत्र भएर बग्ने कालीगण्डकी, म्याग्दी नदी र रघुगङ्गा नदीमा रहेका जलचरको अस्तित्व सङ्कटमा पर्दै जान थालेको छ ।

विगत तीन वर्षदेखि यी जलाधार क्षेत्रमा गएको पहिरो, बाढी र अत्यधिक मात्रामा भएको नदीहरूको दोहनका कारण यी नदीमा रहेका जलचर लोप हुँदै गएका स्थानीयवासीले बताएका छन् । भगवान् विष्णुको प्रतीक मानेर पुजिने बहुमूल्य शिला शालिग्राम र जलचर प्राणीको वासस्थान मानिएको कालीगण्डकी नदीको नारच्याङ क्षेत्रबाट सदरमुकाम बेनीसम्मको क्षेत्रमा जलचर प्राणीको अस्तित्व लोप हुँदै गएको पाइएको छ।म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङमा निर्माणाधीन जलविद्युत् आयोजनाका कारण पानीको प्राकृतिक गुणमा परिवर्तन भई वातावरणीय असन्तुलन हुन थालेपछि जलचरको अस्तित्व सङ्कटमा परेको सरोकारवालाले बताएका छन् । नारच्याङ जलचर र जङ्गली जनावरको बासस्थानका लागि अत्यन्त अनुकूल स्थान भएको ठाउँ भनेर चिनिन्छ । पछिल्लो समय यहाँका नदी तथा खोलाबाट विद्युत् आयोजना निर्माण गर्ने होडबाजी नै चलेकाले यहाँका जलचर सङ्कटमा परेका नारच्याङमा निर्माणाधीन मिस्त्रीखोला जलविद्युत् आयोजनाको वातावरण एकाइमा कार्यरत शिव पुर्जाले बताउनुभयो । नारच्याङमा १५७ मेगावाटका पाँचवटा जलविद्युत् आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् । निर्माणाधीन अवस्थामा रहेका ती जलविद्युत् आयोजनाका स्रोत भनेका यहाँ रहेका नदी तथा खोला नै हुन् । त्यसैगरी बाढी, पहिरो र नदीजन्य वस्तुको अप्राकृतिक उत्खनन पनि जलचर नासिनुका मुख्य कारण रहेका वातावरण संरक्षणकर्मीले बताएका छन् । म्याग्दी नदी, कालीगण्डकी र रघुगंगा क्षेत्रमा गएका पहिरो र पहिरोसँगै विभिन्न स्थानबाट आएको बाढीले नदीको जलचक्र प्रणाली नै खल्वलाइदिएकाले जलचरको बासस्थान नास हुँदा उनीहरू लोप हुने अवस्थामा पुगेका वातावरण संरक्षणकर्मी श्रीराम सिन्देलले बताउनुभयो । उहाँका अनुसार नदीमा आउने बाढीले नदीलाई धमिल्याइदिएर आहाराको अभाव गराइदिने मात्र होइन, त्यसले जलचरको अनुकूलन अवस्थालाई पनि क्षति पुऱ्याइदिने भएकाले त्यस ठाउँमा रहन सक्ने अवस्था नभएपछि जलचर तलतलतिर सर्दै जान्छन् ।

मानवीय अतिक्रमण र प्राकृतिक सम्पदाको दोहन पनि जलचर प्राणी नासिदै जानुको अर्को कारण हो । म्याग्दीका तीनवटै जलाधार क्षेत्रमा नदीजन्य वस्तुको चोरी निकासी बढेर गएको छ । नदीमा डोजर र स्काभेटर जस्ता भारी साधन प्रयोग गरेर जथाभावी नदीजन्य वस्तु निकाल्दा त्यसको असर जलचर प्राणीमा पनि परेको र उनीहरू नासिदै गएका वातावरण संरक्षणकर्मीको भनाइ छ ।

# व्यास नगरपालिकाले एसीसहितको एम्बुलेन्स चलाउने

पोखरापत्र संवाददाता
तनहुँ, १६ साउन

व्यास नगरपालिकाले वातानुकूलित (एसी) सहितको एम्बुलेन्स सेवा सञ्चालन गर्ने भएको छ । नगरपालिकाले एम्बुलेन्स खरिद गरेकाले छिट्टै सञ्चालनमा ल्याउने तयारी गरेको हो ।

सो एम्बुलेन्स रु १२ लाख ९५ हजारमा खरिद गरेर ल्याइएको व्यास नगरपालिकाले जनाएको छ । नगरवासीको स्वास्थ्य सुरक्षाका लागि स्ट्रेचर, अक्सिजन सिलिन्डर, प्राथमिक स्वास्थ्य सामग्रीसहितको एम्बुलेन्स सेवा सञ्चालन गरिने व्यास नगरपालिकाका सूचना प्रविधि अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो । नगरपालिकाको मापदण्डअनुसार एम्बुलेन्स सञ्चालन प्रक्रियालाई अगाडि बढाइने र नगरवासीलाई सहजरुपमा सेवा प्रदान गरिने जनाइएको छ । कोभिड–१९ र बन्दाबन्दीका कारण सम्झौता भएको करिब छ महिनापछि मात्रै एम्बुलेन्स ल्याइएको हो । निकट भविष्यमा व्यास नगरपालिका–१० स्थित दुम्सी बजारमा सञ्चालनमा ल्याउन लागेको व्यास नगर कोभिड व्यवस्थापन अस्पतालका लागि एम्बुलेन्स प्रयोगमा ल्याइने नगर प्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । नगरपालिकाको आफ्नो एम्बुलेन्स नहुँदा विपद् को समयमा सास्ती भोग्नुपरेको थियो । यसअघि दमौली बजार एकाइ समितिले नगरपालिकालाई प्रदान गरेको एम्बुलेन्सबाट कोभिडका बिरामीलाई सेवा प्रदान गरिएको थियो । नयाँ एम्बुलेन्स आएसँगै उक्त पुरानो एम्बुलेन्सलाई शववाहनको रुपमा प्रयोग गरिने बताइएको छ ।

# प्यारी हजुरआमाको सम्झनामा

**–लक्ष्मी भट्टराई**
**पोखरा, १६ साउन**

समयका लहरहरूले लिएर आएका समय भित्र पनि कुनै मुसुक्क बनाउने र कुनै चसक्क बनाउने लहराहरू हुदाँ रहेछन् । जीवन उही जीवन भित्रका अध्यायहरू पनि साह्रै एक्कलप्रेमी हुँदो रहेछ भन्ने अनुभव मैले २०७८/४/५ गते एकदम भित्री मन देखि नै अनुभव गरे । झिसमिसे दिन अर्थात् न त पानी पर्ला जस्तो न त घाम नै लाग्ला जस्तो तर पनि समय आफ्नै गतिमा सधैं झै एक नासले अघि बढिरहेको थियो । जब त्यहि समयले २:३० लाई ठक्कक्क समात्यो तब मेरो मन छाँगाबाट खसे जस्तै भयो । जुन दनि मेरो जीवनमा पहिलो पटक भाबुकताले छपक्कै पार्‍यो । मेरा आँखा बाट खसेका ती आँसुका दानाहरूले झन् मलाई गिज्याइरहे झै लागेको थियो । म स्वयम् केही बुझ्न सकिरहेको थिइन, मलाई हैन यो हुन सक्दैन, कसरी हुन्छ र कसरी भयो म भित्र यस्तै वाक्यहरू घोनघार सँग मडारिन थाले । जसरी आकाशमा कालो र निलो भएर बादल मडारिन्छन् । हो त्यो समय दिउँसोको त्यस्तै २:३० भएको थियो जब मैले मेरी हजुरआमाको अन्तिम सास देखे, हजुरआमाको अन्तिम साससले कसैलाई पनि नकुरी एकनासले आफ्नै गन्तव्य अंगालेर अघि लम्कियो । जसलाई न त मैले रोक्न नै सके न त रोइकराई गरेका ती आवाजहरूले नै । जुन दिन हजुरआमाको आत्मले वैकुण्ठमा बास गर्यो त्यस दिनको बिहानी पखसम्म धन्न मैले हजुरआमाको सेवा गर्ने मौका पाएँ । घरकी मूली मान्छे मेरी हजुरआमा सबैकी प्रिय । आफूले सकिनजेल सम्म गर्नु पर्ने सबै कार्यहरू आफै गर्नुहुन्थ्यो सकभर आफ्ना काम अरूलाई गर्न दिनुहुँदैन थियो । किनकी हजुरआमालाई अरूले गरेको काम सितिमिति मन पनि पर्दैनथ्यो किनकी आँफू सधै एकदम सफा चट्ट भएर बस्ने बानी थियो । ती स्वभावका कारणले पनि होला अन्य भन्दा मेरी हजुरआमालाई सधै मैले सुकीलो र हँसिलो अनुहारमा मात्रै देखे र प्राय सबैले भन्ने गर्थे तिम्री हजुरआमा कति राम्री, सफा भएर बस्नुहुन्छ है । त्यसो भनिरहदाँ मनमा छुट्टै हर्ष हुन्थ्यो । हो मेरी हजुरआमाका अन्तिम समयहरू सम्म पनि हरेक दिन नुहाएर लुगा फेर्नुहुन्थ्यो । ऊ बेला एक छोरा र तीन छोरी पाएर



**१३ औं दिनको पुण्य तिथिमा**


पनि सधै फूर्तिलो स्वभावमै रहने मेरी हजुरआमाले समयका गति सँगै ४ छोराछोरी बाट १२ नातिनातिनीको धनी हुने अवसर जुट्यो । साथमा पनाति पनातिनीको सौभाग्य पनि प्राप्त गर्नुभयो । हर कोहिको जीवनमा थरि थरिका पान्नाहरू हुन्छन् कुनै पान्नामा केही त कुनै पान्नामा केही लेखिन्छ फरक त्यति रहेछ । बालअवस्था, जवानी, अनि वृद्धा अवस्थालाई संगालेर एक छुट्टै किताब बन्दो रहेछ । उहीँ सुख अनि दुःखलाई अंगालेका परिवेशहरू । लाग्थ्यो हजुरआमा सधै हामी सँगै बसिरहनु हुन्छ, लाग्थ्यो सधै घरलाई उज्यालो बनाइरहनु हुन्छ तर सोचेको जस्तो नहुने । बाँचुनजेली सँगै बसेर गरेका कुराकानी , ठट्टापना, सबै झल्को आइरहन्छन् भनिन्छ नि केटाकेटि र वृद्धा नभएको घर सुनसान हुन्छ । साँच्चिकै अहिले दुःखद घडिमा मानिसहरूको आउने जाने क्रम त छदैं छ त्यहि पनि मनमा भने खल्लोपना र सन्नटा छाइरहेको छ । जीवनको अन्तिम अध्यायमा आइपुग्दा रोगले च्यापेर हजुरआमाले केही समय निकै असहज महशुस गर्नुपर्यो त्यसै समयमा मैले हर पिडाहरू नियाले तर हजुरआमाको आन्तरिक पीडा भने कम गर्न सकिन दुःख त्यहि लाग्छ ।

थाहा छ अहिले घरमा हजुरआमा हुनुहुन्न त्यही पनि एकान्तमा बस्दा कता कता हजुरआमाले नै बोलाए झै लाग्ने रहेछ अनि फेरि उहीँ वाक्यहरू सम्झन्छु । जुन हजुरआमाले म कोठा बाट भित्र छिर्ने बित्तिकै भनेका हरेक शब्दहरू जसमा एक बेग्लै भावना गाँसिएको थियो । आज पनि हजुरआमा उहीँ कोठामा नै सुतिरहनुभएको छ जस्तो लाग्छ तर अब ती एक कल्पनामा मात्रै सिमीत रहे । जुन दिन हजुरआमाको बैकुण्ठमा बास भयो त्यस दिनको बिहानी म हजुरआमाको कोठामा गए जाने बित्तिकै मेरो नाम लिएर बिस्तारै बोलाउनु भयो र म नजिकै गएर सुने अनि मलाई उठाइदेऊ सुतेर ज्यान दुख्यो भन्नुभयो । बिस्तारै विस्तारै दुई हातले समातेर सजक हुँदै उठाएर आडेस लगाएर राखिदिए हजुरआमाका ती ओठले धेरै कुराहरू भन्न खोजीरहेका थिए तर तागत नभएकाले धेरै बोल्नै सक्नु भएन तैपनि मैले बिस्तारै कपाल कोरिदिए । हजुरआमाले भयो कपाल किन कोर्नु पर्यो सुतिराख्ने मान्छेको भन्नुभथ्यो तर मैले कोरिदिए जुन मेरा लागि अन्तिम रहेछ ।

हिन्दु परम्परा अनुसार वृद्धा अवस्थामा पुगेपछि र एकदम अशक्त महशुस गरेपछि वैतडी पूजा गर्ने विधि छ त्यसै पश्चात् टीका लगाइदिने क्रममा हजुरआमाले भनेका ती वाक्य थियो मलाई कहिल्यै नबिर्सनु है नानी । ती बाक्य आज १३ औ दिन सम्म पनि झलझली एक कल्पना बनी आँखा अघि आइरहन्छन् । साथै ध्वनी सरी कानमा गुन्जिरहन्छन् । भनिन्छ नि जन्मनु भनेको नै मर्नका लागि र मर्नु नै पूर्ण जन्मिनका लागि त्यसैले मनलाई सम्हाल्दै हजुरआमा सँग बिताएका हरपलहरू मनको एक कुनामा सुरक्षित राखी सधै सधै सम्झिरहने छु हजुरआमा ।


भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो ।
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ॥
थुप्रोमा उपिनी मिठो र नमिठो, रोजेर छान्दैन त्यो ॥।
आयो, टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ॥॥

हार्दिक श्रद्धाञ्जली



जन्मः
बि.स. १९९५/०३/२०

स्वर्गारोहणः
बि.स. २०७८/०४/०५

स्व. देबकी भट्टराई

श्री जनकल्याण समितिको ३९ वर्षको अविरल यात्रामा युवा विकास उप समितिको संयोजक, विभिन्न समयमा गठन भएका कार्यसमितिमा जिम्मेवारी बहन गर्दै आउनुभएका सामाजिक क्षेत्रका कृयाशिल व्यक्तित्व आजिवन सदस्य द्वय टंकप्रसाद भट्टराई र राधिका भट्टराई का माया, ममता र स्नेहकी खानी परंपुजनिय आमा देबकी भट्टराईको आसामयिक निधनले पुरै समाज भाबबिह्ल भएको छ । यो अप्रत्याशित घडिमा स्वर्गीय आत्माको चिरशान्ति र बैकुण्ठबासको कामना गर्दछौ । यो दुःखद घडीमा परेको दुःख र पिडालाई आत्मसाथ गरि शोकलाई शक्तिमा बदल्न सक्ने शक्ति सिद्धकालिका माताले प्रदान गरुन भन्ने कामना गर्दै शोकाकुल परिवारजनमा भावपूर्ण समबेदना व्यक्त गर्दछौ ।

देवराज बराल
अध्यक्ष

एवं

कुमार के.सी.
महासचिव

श्री जनकल्याण समिति परिवार
पोखरा-१३, सिद्धकालिका स्थान


# महानगरकै सडक डेढ महिनादेखि पहिराले अवरुद्ध

**–कृष्ण दवाडी**
**कास्की, १६ साउन**

पोखरा महानगरपालिका र माछापुच्छ्रे गाउँपालिका जोड्ने प्रमुख सडक डेढ महिनादेखि पहिराले अवरुद्ध बनेको छ ।

महानगरभित्रकै महत्वपूर्ण सडक अवरुद्ध बनेको लामो समय व्यतित हुँदासमेत सञ्चालनमा नआउँदा आवतजावतमा समस्या छ । लामाचौर-माछापुच्छ्रे सडकको पक्की कालोपत्र सडक पोखरा महानगरपालिका-१९ बेंसीचोकमा गत असार १ गते रातिको पहिराले अवरुद्धपछि हालसम्म सञ्चालन नहुँदा सर्वसाधारणले सास्ती पाएका छन् ।

पक्की सडक लामो समय अवरुद्ध हुँदा उत्तरी भेगका नागरिक समस्यामा परेका छन् । अहिले माछापुच्छ्रे गाउँपालिका र महानगरको वडा नं १९ साविक पुरुनचौर गाविसका नागरिकले घुमाउरो बाटो हुँदै यात्रा गर्न बाध्य छन् । माछापुच्छ्रे गाउँपालिकाका आधाभन्दा बढी नागरिक यही सडक हुँदै पोखरा आवतजावत गर्ने गरेका थिए ।

माछापुच्छ्रे-२ सार्दिखोलाका गणेश आचार्य दैनिक सर्यौं सवारी र नागरिक आवतजावत गर्ने र माछापुच्छ्रे गाउँपालिकालाई जोड्ने महत्वपूर्ण महानगरभित्रको मुख्य सडक लामो समय अवरुद्ध हुँदा आफूहरुले ठूलो दुःख र सास्ती पाएको बताउनुभयो । उहाँले पहिराले बन्द सडक डेढ महिना व्यतित हुँदासमेत खुलाउने प्रयास नभएकामा आक्रोश व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "बाटो अवरुद्ध हुँदा बिरामीलाई अस्पताल लैजानसमेत समस्या भएको छ । छोटो र सिधा बाटो छाडेर हेमजा वा घार्मीको घुमाउरो बाटो हिँड्नुपर्ने बाध्यतामा हामी छौँ । अहिलेसम्म पनि सडक खुलाउने पहल नहुनु दुःखद् र लाजमर्दो भएको छ ।" बेंसीचोकमा सडकमाथिबाट खसेको पहिराले बाटो अवरुद्ध बनेको हो । यसैगरी सडकको तल्लो भागसमेत पहिराले बगाएको छ । गत वर्ष पनि सोही स्थानमा पहिरो खसेको थियो । त्यस बेला पनि लामो समय सडक अवरुद्ध बनेको थियो । पूर्वाधार विकास कार्यालय कास्कीले रु ४० लाख लगानीमा मर्मत गरेको सडक एक वर्ष नपुग्दै पहिराले पुनःबगाएको हो । पूर्वाधार कार्यालय कास्कीका इञ्जिनीयर गुरुदत्त अधिकारीले सडक खुलाउने जिम्मेवारी महानगरपालिकाको भएको बताउनुभयो । गत वर्ष पूर्वाधार कार्यालयले बजेट विनियोजन गरेर काम गरेकामा यस वर्ष पुनः क्षति पुगेको बताउँदै उहाँले तत्काल महानगरले बाटो खुलाउने काम अघि बढाउने र पूर्वाधार कार्यालयले बर्खा सकिएपछि विज्ञको परामर्शमा अन्य पहिरो रोक्ने खालका पूर्वाधार बनाउने निर्णय भएको जानकारी दिनुभयो ।

पोखरा-१९ का वडाध्यक्ष शोभामोहन पौडेलले आगामी १५ दिनभित्रमा सडक खुलाइसकिने बताउनुभयो । महानगरको अग्रसरतामा पाँच दिनदेखि जेसिवी र टिपरले पहिरो पन्छाउने काम गरिरहेको बताउँदै उहाँले पहिरो पन्छाउने र फाउण्डेशनमा जाली भर्ने काम भइरहेको जानकारी दिनुभयो ।

दिनहुँ पानी परेकालेसमेत सडक खुलाउने काम तीव्रताका साथ अघि बढाउन समस्या भएको उहाँ बताउनुहुन्छ । "छिटो कसरी सडक खुलाउने भनेर अहिले हामीले काम शुरु गरेका छौँ", वडाध्यक्ष पौडेलले भन्नुभयो, "पहिरोभन्दा तल सिँचाइ नहर र खानेपानीको पाइप रहेकालेसमेत काममा केही कठिनाइ छ । तत्कालका गाडी वारपार कसरी गर्न मिल्ने बनाउन सकिन्छ,त्यसतर्फ केन्द्रित छौँ ।" पटकपटक सोही ठाउँमा पहिराले दुःख दिएकाले बर्खा रोकिएपछि पहिराको समस्या दीर्घकालीन समाधानका लागि प्रदेश सरकार तथा सङ्घीय सरकारसँगसमेत सहकार्य गरेर काम अघि बढाइने महानगरले जनाएको छ ।

# योजनाको बजेट कटौती भएपछि मुख्यमन्त्रीलाई ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १६ साउन**

म्याग्दीको धौलागिरि गाउँपालिकामा सञ्चालित विभिन्न शीर्षकका पाँचवटा विकास योजनाको गण्डकी प्रदेश सरकारले बजेट कटौती गरिदिए पछि बजेट व्यवस्थापन गरिदिन अनुरोधसहित ध्यानाकर्षण गराइएको छ ।

अघिल्लो सरकारले निरन्तरता दिएको सडक, शिक्षा, खानेपानीलगायतका योजना तथा कार्यक्रमलाई अहिलेको सरकारले कटौती गरेको गाउँपालिका अध्यक्ष थमसरा पुनले बताउनुभयो । दुईवर्षदेखिनिरन्तररुपमा बजेट विनियोजन भएका ती योजना कटौती भएपछि गाउँपालिकाले प्रदेश सरकारसमक्ष बजेट व्यवस्थापन गरिदिन अनुरोध गरेको छ । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई अध्यक्ष पुनसहितको टोलीले भेटेर बजेटलाई निरन्तरता दिन अनुरोध गर्नुभएको छ । सडक, शिक्षा र खानेपानीजस्ता जनतालाई प्रत्यक्षप्रभाव पार्ने योजना कटौती गरेर प्रदेश सरकारले विकटको धौलागिरि गाउँपालिकालाई उपेक्षा गरेको उहाँले बताउनुभयो । प्रदेश सरकारको सहयोगमा दुई गाउँपालिका जोड्ने महत्वको सडक दरबाङ-बिम-मराङ-मल्कबाङ, कुइने हुँदै पाखापानी जोड्ने कृषि सडक (अघिल्लो वर्ष एक करोड २५ लाख विनियोजन), मुना लुलाङ, गुर्जा सडक (अघिल्लो वर्ष एक करोड २५ लाख विनियोजन) र हेम मावि सिवाङलाई सामाजिक विकास मन्त्रालयबाट नमूना आवासीय विद्यालय सञ्चालनका लागि गत वर्ष रु दुई करोड विनियोजन भएको थियो । यसैगरी वडा नम्बर ४ मुदीको बृहत् खानेपानी योजना पनि कटौती गरिएको छ । मुदीवासीका प्रत्येक घरमा खानेपानी उपलब्ध गराउन करिब रु एक करोड २५ लाख बराबरको बजेट अनुमान गरी कार्यक्रम सञ्चालन हुँदै आएको थियो । प्रदेश सरकारले यसपालिको बजेट वक्तव्यमा उक्त योजना समावेश नगरेपछि योजना अलपत्र पर्ने उहाँले बताउनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्मः
वि.स. १९९५/०३/२० गते

स्वर्गारोहणः
वि.स. २०७८/०४/०५ गते

स्वः देबकी भट्टराई

पोखरा महानगरपालिका वडा नं. १३ का वडा सदस्य टंक प्रसाद भट्टराईकी ममतामयी आमा **देबकी भट्टराई**को ८३ वर्षको उमेरमा भएको असामयीक निधनको आज तेह्रौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

दर्शन लामा
अध्यक्ष एवं
पोखरा महानगरपालिका वडा नं. १३ परिवार